चौमासिक

तथ्याङ्क गतिविधि

Four Monthly

Statistical Bulletin

वर्ष- ३८
Year – 38

पूर्णाङ्क - ११४
Volume–114

अङ्क -१
No. - 1

प्रकाशक:

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाण्डौ
फोन नं. : ४२४५९४६, ४२४५९४७, ४२४५९४८,
फ्याक्स नं.: ९७७-१-४२२७७२०URL :www.cbs.gov.np

सम्पादकीय

केन्द्रीय तथ्याङ्क विभागको नियमित प्रकाशनहरु मध्ये चालु आ.व. २०७२/७३ को प्रथम अङ्कको रुपमा यस चौमासिक तथ्याङ्क गतिविधि वर्ष-३८, पूर्णाङ्क-११४, अङ्क-१ (साउन–कार्तिक) यहाँहरु समक्ष प्रस्तुत गरिएको छ । तथ्याङ्क क्षेत्रकै गतिविधि समेट्ने गरी चौमासिक तथ्याङ्क गतिविधि प्रकाशन गर्न शुरू गरिएको छ ।

चौमासिक तथ्याङ्क गतिविधिको यस अङ्कमा केन्द्रीय तथ्याङ्क विभागबाट चालु आ.व. २०७२/७३ को प्रथम चौमासिकमा सम्पन्न भए गरेका कृयाकलापहरू समेटिएका छन् । राष्ट्रिय तथ्याङ्क अभिलेख(National Data Archive, NADA), धुलिखेलको काभ्रेमा गरिएको एन.एस.डी.एस.(NSDS) कार्ययोजना तयारी कार्यशाला, काठमाडौं घोषणापत्र २०७२ सम्बन्धि जानकारी लगायतका तथ्याङ्किय गतिविधिहरू समेटिएको पाठकहरुका लागि उपयोगी हुने हाम्रो विश्वास छ ।

अन्त्यमा, तथ्याङ्क गतिविधिको आगामी प्रकाशनहरुको सुधार र परिमाजर्नको लागि सदा झैं पाठक वर्गको रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

सम्पादक मण्डल

निर्देशक श्री तीर्थराज चौलागाई

अध्यक्ष

निर्देशक श्री रामहरि गैह्रे

सदस्य

निर्देशक श्री राजन सिलवाल

सदस्य

त.अ.श्री कृष्णराज पाण्डे

सदस्य सचिव

सल्लाहकार

उपमहानिर्देशक श्री सुमनराज अर्याल

उपमहानिर्देशक डा. रुद्र सुवाल

उपमहानिर्देशक श्री नेबिनलाल श्रेष्ठ

यस प्रकाशनसंग संलग्न अन्य कर्मचारीहरू

निर्देशक डा. महेश कुमार सुवेदी

तथ्याङ्क अधिकृत श्री कपिलदेव जोशी

पुस्तकालय अधिकृत श्री नानीराम कार्की

तथ्याङ्क सहायक श्री कमलराज गौतम

बिषयवस्तु

- राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive, NADA)
- एन.एस.डी.एस.(NSDS) कार्ययोजना तयारी कार्यशाला, धुलिखेल काभ्रे
- काठमाडौं घोषणापत्र २०७२ सम्बन्धि जानकारी
- Master Sampling Frame and Master Sample
- आ. व. २०७२/०७३ को प्रथम चौमासिकमा केन्द्रीय तथ्याङ्क विभाग वा अन्तर्गत भएका पदस्थापन, सरुवा, बढुवा तथा अनिवार्य अवकाशको विवरण
- केन्द्रीय तथ्यांक विभागका विभिन्न महाशाखाहरुबाट आ.ब. २०७२/०७३ मा सम्पन्न गरिने प्रमुख कार्यक्रमहरु र प्रथम चौमासिक सम्मको अवस्था
- केन्द्रीय तथ्यांक विभागको आ.ब. २०७२/०७३ को प्रथम चौमासिक सम्मको कार्यप्रगति
- आ.व.२०७२।७३ को प्रथम चौमासिकमा भएका वैदेशिक मनोनयनहरु

राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive, NADA)

केन्द्रीय तथ्याङ्क विभागले The Partnership in Statistics for Development in the 21st Century (PARIS21) अर्न्तगत रहेको Accelerated Data Program (ADP) को प्राविधिक सहयोगमा विभागबाट विभिन्न समयावधिमा सम्पन्न गरिएका महत्वपूर्ण सर्वेक्षण र गणनाहरुको microdata सहित सुव्यवस्थित भण्डारण (documentation) गरी एक विद्युतीय राष्ट्रिय तथ्याङ्क अभिलेख (NationalData Archive, NADA) तयार गरेको छ । उक्त अभिलेख केन्द्रीय तथ्याङ्क विभागको website (www.cbs.gov.np) मा रहेको National Data Archive बटन वा यस लिङ्कमा: http://cbs.gov.np/ nada/index. php/catalog क्लिक गरिहेर्न सकिने छ र यस भित्र रहेका सर्वेक्षण तथा गणनाहरुसंग सम्बन्धित सूचनाहरु यसका प्रयोगकर्ताहरुको उपयोगका लागि सहज रुपमा उपलब्ध छन् । यस कार्यमा International Household Survey Network (IHSN) ले तथ्याङ्कीय आँकाडाहरुको सुव्यवस्थित भण्डारण तथा वितरण (data documentation and dissemination) को लागि विकास गरेको प्रविधि (Nesstar Publisher application) तथा international standards and best practices को सहयोगले विभिन्न सर्वेक्षण संग सम्बन्धित डाटा तथा दस्तावेजहरुको documentation गरिएको थियो । यस कार्यले ठूलो परिश्रम र लगानी गरीतयार पारिएका विभिन्न क्षेत्रसंग सम्बन्धित तथ्याङ्कहरुको लामो समयसम्मको लागि सुरक्षित संरक्षण हुनुको साथै स्वदेशी तथा विदेशी प्रयोगकर्ता (शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता तथा नीति निर्माताहरु) लाई Internet को माध्यमबाटै सहज रुपमा तथ्याङ्क उपलब्ध हुन सहयोग पुग्दछ ।

यस कार्य अन्तर्गत पहिलो चरणमा सन् २०१० **को नोभेम्वरमा** के.त.वि. ले विभिन्न समयमा सम्पन्न गरेका सर्वेक्षण एवं गणनाहरु मध्ये१२ (बाह्र) वटा, दोस्रो पटक सन **२०१२ को मार्च** मा २३ (तेईस) वटा तथा तेस्रो पटक यसै वर्ष, **२०१५ को अगष्ट मा** १० (दस) वटा गरी कुल ४५ (पैतालिस) वटा सर्वेक्षणहरुको भण्डारण गरिएको छ । जस मध्ये ३० (तीस) वटा सर्वेक्षणहरु microdata समेत भएका र बाकी १५ वटा microdata नभएका छन । उक्त NADA भित्र जनसंख्या, कृषि, औद्योगिक गणना तथा घरपरिवार सर्वेक्षणहरुसंग सम्बन्धित प्राविधिक विवरण (metadata),आँकाडा (data) र तिनीहरुका दस्तावेज (questionnaire, manual, reports and related documents) हरुको सुव्यवस्थित भण्डारण (documentation) गरीData Catalogue तयार पारिएको छ । इच्छुक प्रयोगकर्ताले केन्द्रीय तथ्याङ्क विभागको website मा गई Data Catalogue मा रहेकासर्वेक्षण एवं गणनाहरुसंग सम्बन्धित दस्तावेजहरु (concept,methodology, questionnaire, reports, monographs, etc.) बारे जानकारी पाउनुको साथै उक्त दस्तावेजहरु निःशुल्क download पनि गर्न सक्नेछन । तर microdata प्राप्तीको लागि केन्द्रीय तथ्याङ्क विभागले प्रस्तुत गरेको "Microdata access terms and conditions" को अधिनमा रही निश्चित रकम तिर्नु पर्नेछ ।

यस कार्य मार्फत केन्द्रीय तथ्याङ्क विभागले हालसम्म उत्पादन गरेका तथा आगामी दिनमा गर्ने गणना तथा सर्वेक्षणहरुको सुव्यवस्थित र सुरक्षित विधुतिय भण्डारण गरी यसका प्रयोगकर्ताहरु माझ सुलभ तरिकाले तथ्याङ्क उपलब्ध गराई अध्ययन अनुसन्धानमा तथ्याङ्कको प्रयोग बढाउन प्रोत्साहन गर्ने अपेक्षा राख्दै यसका प्रयोगकर्ताहरुबाट प्राप्त सुझाब र सल्लाहले तथ्याङ्कको गुणस्तर बढाउन थप सहयोग पुग्ने अपेक्षा गरिएको छ । के.त.वि. को तथ्याङ्क अभिलेख (NADA) मा केवल तथ्याङ्क विभागका मात्र तथ्याङ्कहरुको भण्डारण नगरी आगामि दिनमा अन्य सरकारी निकायहरुबाट उत्पादित तथ्याङ्कहरुको पनि भण्डारण गरी यसलाई देशकै एक साझा Microdata Bank को रुपमा विकास गर्ने लक्ष्य लिईएको छ ।


Government of Nepal
National Planning Commission Secretariat
Central Bureau of Statistics
National Data Archive
Home
Mission
Microdata Catalog
Policies and Procedures
Activities
Acknowledgments
Contact Us
KAPIL DEV JOSHI | SITE ADMINISTRATION | PROFILE | PASSWORD | LOGOUT
HOME › CENTRAL DATA CATALOG
SEARCH BY KEYWORD
in study description
in variable description
Search
Reset
FILTER BY YEAR
Show studies conducted between
1952
and
2015
FILTER BY DATA ACCESS
☑ All
☐ Licensed data files
☐ Data not available
FILTER BY COLLECTION
11
☑ All
COLLECTIONS
DATASETS
Sort results by: Year | Title | Popularity
1 2 3 Next »

Central Data Catalog

Found **45** studies out of **45**

Showing **1-15** of **45** studies

Annual Household Survey 2012-2013
2012-2013
By: Central Bureau of Statisctics - National Planning Commision , Government of Nepal
Collection: Household Surveys
Created on: Dec 09, 2015 Last modified: Dec 09, 2015 Views: 1563

Annual Household Survey 2013-2014
2013-2014
By: Central Bureau of Statistics - Government of Nepal
Collection: Household Surveys
Created on: Dec 10, 2015 Last modified: Dec 10, 2015 Views: 2333

Annual Report of Department of Health Service 2013-2014, Yearly report
2014-2015

एन.एस.डी.एस. (NSDS) कार्ययोजना तयारी कार्यशाला, धुलिखेल काभ्रे

२०७२ श्रावण महिनाको ३० देखि ३२ गतेसम्म काभ्रेको धुलिखेलमा तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति (NSDS) तर्जुमाको सिलसिलामा एक कार्यशालाको आयोजना गरियो । उक्त कार्यशालामा विभागका तीनै वटा महाशाखाको प्रमुखहरु र सबै शाखाका निर्देशकहरुको सहभागिता रहेको थियो । त्यस्तै SNPMC/UNDP को पनि कार्यशालामा प्रतिनिधित्व रहेको थियो ।

उक्त कार्यशालामा सहभागीहरुलाई विभिन्न समूहहरुमा विभक्त गरी क्षेत्र/उपक्षेत्रगत रुपमा आगामी ५ वर्षका लागि केन्द्रीय तथ्याङ्क विभागले सञ्चालन गर्नुपर्ने विभिन्न तथ्याङ्कीय क्रियाकलापहरु पहिचान गरी समूहगत रुपमै प्रस्तुती तथा छलफल चलाइएको थियो । सोही कार्यशालामा अन्य सरोकार निकायहरुबाट सञ्चालन हुनसक्ने तथ्याङ्कीय क्रियाकलापहरुका बारेमा पनि छलफल गरियो । आवधिक योजनाहरु, क्षेत्रगत नीतिहरु, तथ्याङ्क ऐन, सहस्राब्दी विकास लक्षहरु, सन २०१५ उत्तरवर्ती दिगो विकास लक्षहरु, सार्क विकास लक्षहरु र अन्य सान्दर्भिक राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरुले माग गरेका सूचकहरुको सूची तयार गर्दै उक्त कार्यशालाले सोही आधारमा राष्ट्रिय तथ्याङ्क प्रणाली र त्यसको प्रमुख निकाय के.त.वि.ले आगामी पाँच वर्षभित्र गर्नुपर्ने तथ्याङ्कीय क्रियाकलापहरुको पहिचान गरेको थियो ।

काठमाडौं घोषणापत्र २०७२ सम्बन्धि जानकारी

काठमाडौं, भाद्र २१ गते । राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. श्री स्वर्णीम वाग्लेज्यूको प्रमुख आतिथ्यता तथा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री सुरेशमान श्रेष्ठज्यू विशेष अतिथि रहनु भएको एक कार्यक्रमको अध्यक्षता गर्नु भएका केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक श्री विकाश विष्टले आफ्नो छोटो मन्तव्यसहित केन्द्रीय तथ्यांक विभाग स्थापनका कालको ५६ वर्षको इतिहासमा पहिलो पटक विभागको काम कारवाहीको गुणस्तरलाई अझ अभिबृद्धि गर्न **केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं घोषणापत्र - २०७२** सार्वजनिक गर्नुभयो । विभिन्न खण्डमा विभाजित उक्त १८ बुँदे घोषणापत्रमा राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सुदृढ गर्न र उक्त प्रणालीको एक प्रमुख निकायका रुपमा केन्द्रीय तथ्याङ्क विभागले आगामी वर्षहरूमा प्राथमिकतासाथ गर्ने उद्देश्य राखेका कानुनी सुधार, तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति (National Strategy for the Development of Statistics - NSDS) सहितको नीतिगत सुधार, पूर्वाधार विकास र विविध विषयमा केन्द्रित रहेर व्यक्त गरिएका प्रतिबद्धताहरू समावेश छन् । सञ्चारकर्मीहरूलाई पनि आमन्त्रित गरिएको केन्द्रीय तथ्याङ्क विभागको तालिम हलमा आयोजित उक्त कार्यक्रममा विभागका सम्पूर्ण तहका कर्मचारीहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

विभागका महानिर्देशकले अध्यक्षता गरेको उक्त कार्यक्रमको औचित्यमाथि उपमहानिर्देशक श्री नेविनलाल श्रेष्ठले प्रकाश पार्नु भएको थियो भने प्रमुख अतिथि डा. श्री स्वर्णीम वाग्ले र विशेष अतिथि श्री सुरेशमान श्रेष्ठज्यूले विभागको महत्वलाई थप ऊर्जाशील बनाउन क्रमशः नीतिगत तह र उच्च प्रशासनिक तहबाट सुझाव, टिप्पणी एवं थप प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । डा. वाग्लेले घोषणापत्रमा अभिव्यक्त प्रतिबद्धता र संकल्पहरू कार्यान्वयनमा ल्याउनका लागि आवश्यक पर्ने समय सीमासमेत तोक्नका लागि निर्देशन दिनुभयो । वहाँले यसलाई अत्यन्त स्वागतयोग्य काम भएको बताउनु हुँदै केन्द्रीय तथ्याङ्क विभाग नेपाल सरकारका विभिन्न निकायहरूमध्ये गुणस्तरीय तथ्याङ्क उत्पादन तथा वितरण सम्बन्धमा जनमानसमा एकदमै विश्वसनीय संस्था रहेको कुरा उल्लेख गर्नुभयो । जारी घोषणापत्रको समर्थन गर्छु भन्नुहुँदै वहाँले घोषणापत्रमा विगतमा बहसमा आइरहेका कतिपय कुराहरूलाई लिपिबद्ध गरिएको देखिन्छ भन्नुभयो । वहाँले वर्तमान सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागलाई स्तरोन्नति गरेर सचिवस्तरका प्रमुखबाट नेतृत्व गर्ने कुरा जायज देखिन्छ भन्नुभयो । नयाँ तथ्याङ्क ऐन जारी गर्नु जरुरी छ भन्नु हुँदै वहाँले विश्वव्यापी रुपमा आइरहेको Open Dataको मुद्दालाई पनि घोषणापत्रमा समावेश गर्न वहाँले सुझाव दिनुभयो ।

विशेष अतिथिका रुपमा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री सुरेशमान श्रेष्ठले राष्ट्रिय योजना आयोगको भूमिका र तथ्याङ्कको भूमिकालाई अझ बढी प्राथमिकतामा राख्न जारी घोषणापत्रले तथ्याङ्कको क्षेत्रमा कोशेढुंगाको काम गर्नेछ भन्नुभयो । यो एक ऐतिहासिक दस्तावेज हुनेछ र यसलाई आगामी दिनमा मूल मन्त्र बनाएर अघि बढ्न र घोषणापत्रमा छुटेका एकाध कुराहरूलाई समावेश गर्न पनि वहाँले सुझाव दिनुभयो ।

विभागका उपमहानिर्देशक डा. श्री रुद्र सुवालले कार्यक्रमको अन्त्यमा अतिथिगण र सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभयो । विभागको योजना शाखाका निर्देशक श्री राजन सिलवालले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

केन्द्रीय तथ्याङ्क विभाग
काठमाडौं घोषणापत्र - २०७२

पृष्ठाधार

राष्ट्रिय तथ्याङ्क प्रणालीको एक मियो संस्थाका रूपमा आधा शताब्दीभन्दा अगाडि स्थापित केन्द्रीय तथ्याङ्क विभागले मुलुकका लागि आवश्यक आर्थिक, सामाजिक तथा अन्य विविध क्षेत्रका तथ्याङ्कहरूको निरन्तर आपूर्ति गर्दै आइरहेको तथ्यलाई स्मरण गर्दैआगामी दिनमा केन्द्रीय तथ्याङ्क विभागको भूमिकालाई थप प्रभावकारी, समन्वयकारी एवं राष्ट्रिय तथ्याङ्क प्रणालीको नेतृत्वदायी निकायका रूपमा स्थापित गर्न त्यसको कानुनी, संस्थागत तथा सांगठनिक हैसियतलाई समयानुकुल सुधार, सुदृढीकरण र स्तरोन्नति गर्नुपर्ने आवश्यकतालाई पुनः एकपटक महसुस गर्दै यस विभागको नेतृत्व तह, निर्देशक तह, अधिकृत एवं सहायक तह तथा विभाग मातहतका ३३ तथ्याङ्क कार्यालयका प्रमुखहरूको सहभागितामा मिति २०७२ साल भाद्र १७ देखि १८ सम्म आयोजित चालू आ.व. ०७२।७३ को वार्षिक कार्यक्रम गोष्ठी तथा अभिमुखीकरण सम्बन्धी कार्यक्रममा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिवज्यूबाट सल्लाह सुझाव प्रदान गर्नु भए बमोजिम राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. स्वर्णिम वाग्लेज्यूको प्रमुख आतिथ्यमा देहायका विषयहरू सम्बोधन गर्न मनासिब देखि तथ्याङ्कीय सरोकारका विषयमा यो काठमाडौं घोषणापत्र - २०७२ जारी गरिएको छ ।

कानुनी सुधार सम्बन्धमा

१. तथ्याङ्क ऐन २०१५ कै भावना अनुरूप अझै पनि मुलुकको राष्ट्रिय तथ्याङ्क प्रणाली निर्देशित रहेको सन्दर्भमा मुलुकमा यस अवधिमा अनुभूत गरिएका राजनैतिक, सामाजिक, आर्थिक र प्रविधिजन्य परिवर्तनहरूलाई सम्बोधन गर्न नयाँ तथ्याङ्क ऐन जारी गर्ने । नयाँ ऐन तर्जुमाका लागि विभागबाट भइरहेका पहलमा तीब्रता दिन राष्ट्रिय योजना आयोगको सचिवालयको सहयोग लिने ।

२. तथ्याङ्क ऐनबाहेक तथ्याङ्कीय कार्यहरू गर्न अधिकार पाएका स्थानीय स्वायत्त शासन ऐन, नेपाल राष्ट्र बैंक ऐन, मतदाता नामावली संकलन ऐन, जन्म, मृत्यु, विवाह र अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन लगायतका ऐन र तथ्याङ्क ऐन २०१५ बीच आवश्यक सामञ्जस्यता र क्षेत्राधिकारहरू स्पष्ट पार्नका लागि प्रस्तावित नयाँ तथ्याङ्क ऐनमा यी निकायहरू समेटिने ।

३. कानुनी हैसियतमा नरहेको राष्ट्रिय तथ्याङ्क परिषद्लाई वैधानिकता दिनको लागि प्रस्तावित नयाँ तथ्याङ्क ऐनमा राखिएको र ऐन संशोधन भएर नआउन्जेल यसको भूमिकालाई सार्थक तुल्याउन सचिवज्यू मार्फत् रा.यो.आ. का माननीय उपाध्यक्षज्यूलाई अवगत गराई परिषद्लाई क्रियाशील गराउने ।

नीतिगत सुधार सम्बन्धमा

४. तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति (National Strategy for the Development of Statistics)

अन्तर्राष्ट्रिय अभियानका रूपमा विगत एक दशक यता सुरु भएको तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति विश्वका करिब १०० वटा देशमा तयार भई कतै दोस्रो, कतै पहिलो संस्करण कार्यान्वयन भइरहेको सन्दर्भमा नेपालमा पनि सन् २०१३ यता त्यसको तर्जुमाको कार्य सुरु भई यसको तयारी तथा कार्यान्वयनबाट राष्ट्रिय तथ्याङ्क प्रणालीको समयानुकूल सुदृढीकरणमा सार्थक योगदान पुग्ने हुँदा आगामी ३ महिनाभित्र रणनीतिपत्र अनुमोदनका लागि बाँकी कार्यहरू सम्पन्न गर्न केन्द्रीय तथ्याङ्क विभागले प्राथमिकतापूर्वक अघि बढ्ने र अन्य निकायबाट हुनुपर्ने आवश्यक सहयोग एवं समन्वयका लागि राष्ट्रिय योजना आयोगको सचिवलायले समन्वयकारी भूमिका बहन गरिदिनका लागि सचिवज्यूलाई अनुरोध गर्ने ।

सांगठनिक सुधार सम्बन्धमा

५. केन्द्रीय तथ्याङ्क विभाग नेपाल सरकारका सहसचिवस्तरका महानिर्देशक तहबाट नेतृत्व गरिएको संगठन भएकोले तथ्याङ्कीय क्रियाकलापहरूमा समन्वय गर्न वर्तमान प्रशासनिक संरचनामा पटकपटक कठिनाइ उत्पन्न भएको र कार्यसम्पादनमा असर परेको अवस्था छ । राष्ट्रिय तथ्याङ्क प्रणाली सुदृढ भएका विश्वका प्रायः देशहरूमा राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्व उच्च तह (सचिवस्तर वा त्योभन्दा माथि) का पदाधिकारीबाट हुने अभ्यासका सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागको स्तरोन्नतिको अपरिहार्यतालाई पुनः अनुभूत गर्दै त्यसका लागि राष्ट्रिय योजना आयोगको सचिवालयमार्फत् पहल गर्ने ।

६. मुलुकको राष्ट्रिय तथ्याङ्क निकाय (National Statistics Office) कुनै देशमा स्वतन्त्र निकायका रूपमा, कुनै

देशमा योजना मन्त्रालय मातहत, कुनै देशमा प्रधानमन्त्री कार्यालय अन्तरगत, कुनै देशमा संसद् अन्तर्गत रहने गरेको देखिएको छ । नेपालको सन्दर्भमा यसलाई सचिवस्तरका राष्ट्रिय तथ्याङ्क अधिकारीबाट नेतृत्व हुने गरी राष्ट्रिय योजना आयोग वा प्रधानमन्त्रीको कार्यालय मातहत राख्न मनासिब हुने कुरा गोष्ठीको निचोड रहेकोले त्यसमा आवश्यक पहलका लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गरी पठाउने ।

७. केन्द्रीय तथ्याङ्क विभागका जिल्लास्तरका ३३ कार्यालयहरूको समयानुकूल विस्तार र वर्तमान कार्यक्षेत्रहरू माथि पुनर्विचार गरी एउटा कार्यालयले बढीमा २ वटा जिल्लामात्र हेर्ने गरी थप कार्यालय खोल्नुपर्ने र नमिलेका कार्यक्षेत्रहरू मिलान गर्नका लागि सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने ।

८. केन्द्रीय तथ्याङ्क विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यक्रमलाई आगामी तीन महिनाभित्र सम्पन्न गर्ने गरी कार्यारम्भ गर्ने ।

९. नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा अन्तर्गतका दुई समूहहरूमध्ये हाल तथ्याङ्क समूह मात्र क्रियाशील रहेको तर आर्थिक योजना समूह कहिल्यै क्रियाशील नगराइएको सम्बन्धमा सरोकारवालाहरूले सम्मानित सर्वोच्च अदालतमा त्यसको क्रियाशीलताका लागि मुद्दा दायर भई वादीहरूका पक्षमा फैसलासमेत भएको सम्बन्धमा त्यसको तत्काल क्रियाशीलताका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

पूर्वाधार विकास सम्बन्धमा

१०. पारदर्शी, सहजै र सुलभ ढङ्गबाट तथ्याङ्क उपलब्ध गराउन केन्द्रीय तथ्याङ्क विभागले Open Data को सिद्धान्तसँग सम्बन्धित पहल कदमीलाई पूर्णतः आत्मसात गर्नेछ । विभागले तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन र भण्डारणमा बजारमा उपलब्ध नवीनतम प्रविधिहरूको पर्याप्त लाभहरू लिई तथ्याङ्कको गुणस्तरमा अभिबृद्धि गरी विभागलाई अझ बढी ऊर्जाशील बनाउने कार्यक्रमको लागि आवश्यक बजेटको निम्ति बजेट तथा कार्यक्रम तर्जुमाको समयभन्दा अगाडि राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयका जिम्मेवार अधिकारीहरूसँग आवश्यकता र औचित्यता बारे गहन छलफल गर्ने ।

११. रा.प. द्वितीय श्रेणीका निर्देशक प्रमुख रहने तथ्याङ्क कार्यालयहरूले तथ्याङ्क अधिकृत प्रमुख रहने अन्य तथ्याङ्क कार्यालयहरूलाई आवश्यक नियन्त्रण, समन्वय र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइने ।

१२. जग्गाको व्यवस्था भइसकेका जिल्लास्थित तथ्याङ्क कार्यालयहरूको भवन निर्माण गर्नका लागि कार्यक्रम तथा बजेट राख्न पहल गर्ने ।

१३. अन्य देशहरूमा जस्तै व्यावहारिक ज्ञान तथा सीपयुक्त तथ्याङ्कीय जनशक्ति उत्पादन गर्न र तथ्याङ्कीय जनशक्तिको सेवाकालीन तालिमसमेत सञ्चालन गर्नका लागि एउटा राष्ट्रिय तथ्याङ्क प्रशिक्षण केन्द्रको छुट्टै संस्थाको रूपमा स्थापना गर्ने वा अन्य राष्ट्रिय स्तरका प्रशिक्षण संस्थासँग समन्वय गरी सेवाकालीन तालिम सञ्चालन गर्नका लागि अवधारणा पत्र तयार गर्न तत्काल एक कार्यदल गठन गर्ने ।

विविध

१४. केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरूमा विभागको पहिचान दर्शाउने एउटा बेग्लै लोगो डिजाइन गरी प्रचलनमा ल्याउने ।

१५. तथ्याङ्क स्थानीय तहदेखि केन्द्रीय तहसम्मको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यका लागि एक अपरिहार्य आधार रहेको तथ्यलाई आत्मसात गर्दै तथ्यसम्मत नीति निर्माणको राष्ट्रिय सोचलाई साकार तुल्याउन र तथ्याङ्कलाई सार्वजनिक वस्तु तथा सेवाको रूपमा ग्रहण गर्दै सरकारको वार्षिक बजेटको निश्चित प्रतिशत तथ्याङ्क तथा सूचनाको क्षेत्रमा खर्च गर्ने प्रतिबद्धताका लागि नेपाल सरकार समक्ष अनुरोध गर्नका लागि राष्ट्रिय योजना आयोगको सचिवालयमार्फत् पैरवी गर्ने ।

१६. जिल्लास्तरमा रहेका ३३ तथ्याङ्क कार्यालयहरू नै केन्द्रीय तथ्याङ्क विभाग तथा राष्ट्रिय योजना आयोगको जिल्लास्तरका अस्तित्वगत निकायहरू भएकोले तिनको उत्पादनशील उपस्थिति र पूर्ण प्रभावकारिता लागि राष्ट्रिय योजना आयोगबाट स्थानीयस्तरमा हुने अनुगमन तथा मूल्यांकन कार्यका लागि उनीहरूलाई जिम्मेवार बनाउन आवश्यक पहल गर्ने ।

१७. जिल्लास्थित तथ्याङ्क कार्यालयहरूको सालबसाली कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्य विगत केही वर्षदेखि

जिल्लास्तरबाटै हुने गरेको कार्यलाई निरन्तरता दिँदै स्थानीय आवश्यकतालाई प्रतिनिधित्व गर्ने गरी स्वस्फूर्त रूपमा उनीहरूलाई कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रोत्साहित गर्ने ।

१८. जिल्लास्तरका ३३ तथ्याङ्क कार्यालयहरूको वार्षिक कार्यक्रम तर्जुमा तथा प्रगति समीक्षा गोष्ठी उपयोगी र आवश्यक भएको हुँदा आउँदा वर्षमा तिनलाई निरन्तरता दिने ।

मिति २०७२ भाद्र २१ गते सोमवार

थापाथली, काठमाडौं

Master Sampling Frame and Master Sample:

What are master sampling frame (MSF) and a master sample?

A sampling frame is the source material from which a list is drawn. It is usually a list which contains the names of all items of a universe (in case of finite universe only). If this source material is not available, researcher has to prepare it. Such a list should be comprehensive, correct, reliable and appropriate. It is extremely important for the source list to be as representative of the target population as possible.

Whereas, a master sampling frame (MSF) is a general purpose sampling frame which is a large subset of the original sampling frame. The master sampling frame can be used to select the independent samples for different surveys. A frame is known as a master sampling frame or, simply, a master sample when it is used for multiple surveys or multiple rounds of the same survey (United Nations [UN], 2008, p. 85). From one (large) master sample it is possible to select subsamples for different surveys.

What are the benefits of designing a master sampling frame?

The benefits of designing a master sampling frame are: it is quick and easy to conduct surveys, it reduces the cost of preparing sampling materials and selecting samples, it is easier to relate data from different surveys, and it helps in controlling respondent's burden.

But the use of a master sampling frame is recommended only if there is "a large-scale continuing intercensal household survey program" in the country. It is not worthwhile to develop a master sampling frame where there is not such a continuing survey program.

What is CBS doing as regards to designing a MSF?What is the next plan?

In a view to adopt integrated survey system, in which the household surveys to be conducted in the intercensal period are placed in a fixed and predetermined calendar year, CBS has completed some of the preliminary tasks, like analyzing population census 2011 data set to check for feasible Primary Sampling Units (PSUs).

As Nepal's latest population census 2011 is more than two years old from now, creating a MSF based on this without a complete country wide updating is not fully recommended. Therefore, based on the preliminary tasks completed, the bureau will work towards preparing Enumeration Areas for the next census which will be treated as PSUs for selecting a master sample in the future. The preparation of these enumeration areas is same as designating Census Blocks for the next population census.

However, this is a very challenging and daunting task the bureau is all set to initiate soon. In fact the task will be accomplished by a collaborative effort among various technical sections of the bureau and this involves very laborious work by a massive number of GIS professionals that is to be supplemented by field level enumerators. This also requires huge resources to procure latest equipment, like software, images, maps, printers, etc.

आ. व. २०७२/०७३ को प्रथम चौमासिकमा केन्द्रीय तथ्याङ्क विभाग वा अन्तर्गत भएका पदस्थापन, सरुवा, बढुवा तथा अनिवार्य अवकाशको विवरण

क) पदस्थापन

क्र.सं.	पद	कर्मचारीको नाम, थर	कार्यालय
१	तथ्याङ्क अधिकृत	उषा रिजाल	तथ्याङ्क कार्यालय, मोरङ्ग
२	तथ्याङ्क अधिकृत	चुडामणी लुईटेल	तथ्याङ्क कार्यालय, सिन्धुली
३	तथ्याङ्क अधिकृत	भविश्वर घिमिरे	तथ्याङ्क कार्यालय, नुवाकोट
४	तथ्याङ्क अधिकृत	यज्ञमूर्ति भण्डारी	तथ्याङ्क कार्यालय, गोरखा
५	तथ्याङ्क अधिकृत	शिव श्रेष्ठ	तथ्याङ्क कार्यालय, पर्सा
६	तथ्याङ्क अधिकृत	कुमारी भुवनेश्वरी धामी	तथ्याङ्क कार्यालय, प्यूठान
७	तथ्याङ्क अधिकृत	गौरी जोशी	तथ्याङ्क कार्यालय, डोटी

ख) बढुवा तथा सरुवा पदस्थापन

क्र.सं.	पद	कर्मचारीको नाम, थर	बढुवा भएको पद र पदस्थापन कार्यालय
१	तथ्याङ्क अधिकृत	कपिल तिमल्सेना	निर्देशक, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
२	तथ्याङ्क अधिकृत	विनोदशरण आचार्य	निर्देशक, अर्थ मन्त्रालय
३	तथ्याङ्क अधिकृत	शरदराज नेपाल	निर्देशक, केन्द्रीय तथ्याङ्क विभाग
४	नायव सुब्बा	ऋषिकेश तिमल्सिना	शाखा अधिकृत, नेपाल टष्टको कार्यालय

केन्द्रीय तथ्याङ्क विभागबाट अन्य निकायमा सरुवा

क्र.सं.	पद	कर्मचारीको नाम, थर	सरुवा भई गएको कार्यालय
१	तथ्याङ्क अधिकृत	शिवलाल शर्मा	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
२	तथ्याङ्क अधिकृत	सुरेन्द्र पाण्डे	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
३	तथ्याङ्क अधिकृत	यदुनाथ आचार्य	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
४	शाखा अधिकृत	जितेन्द्र कुमार यादव	उद्योग मन्त्रालय
५	शाखा अधिकृत	शंकर प्रसाद खनाल	प्रधानमन्त्री तथा म.प.को कार्यालय
६	क. अ.	प्रनिल श्रेष्ठ	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
७	स. क. अ.	सुमन ढकाल	महालेखा परिक्षकको कार्यालय
८	खरिदार	याम गुरुङ्ग (त.का., धनकुटा)	मालपोत कार्यालय, चावहिल

घ) अन्य निकायबाट केन्द्रीय तथ्याङ्क विभागमा सरुवा

क्र.सं.	पद	कर्मचारीको नाम, थर	सरुवा भई आएको कार्यालय
१	उपसचिव(लेखा)	केशव प्रसाद प्रशाई	वाणिज्य तथा आपूर्ति मन्त्रालय
२	शाखा अधिकृत	अनुपा राई	गोश्वारा हुलाक कार्यालय
३	नायव सुब्बा	नारायण रायमाझी	खानेपानी तथा सरसफाई डि. का., धादिङ्ग
४	नायव सुब्बा	प्रेम प्रसाद लुईटेल	शिक्षा विभाग
५	तथ्याङ्क सहायक	रमेशराज दाहाल	जिल्ला स्वास्थ्य कार्यालय, सोलुखुम्बु

ङ) केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत सरुवा

क्र.सं.	पद	कर्मचारीको नाम, थर	साविकको कार्यालय	सरुवा भएको कार्यालय
१	तथ्याङ्क अधिकृत	कमल नेपाल	तथ्याङ्क कार्यालय, पाल्पा	केन्द्रीय तथ्याङ्क विभाग
२	तथ्याङ्क अधिकृत	टिकाराम महतो	तथ्याङ्क कार्यालय, नुवाकोट	केन्द्रीय तथ्याङ्क विभाग
३	तथ्याङ्क अधिकृत	उर्मिला शाही	तथ्याङ्क कार्यालय, गोरखा	केन्द्रीय तथ्याङ्क विभाग
४	तथ्याङ्क अधिकृत	ऋषिराम सिग्देल	तथ्याङ्क कार्यालय, कास्की	केन्द्रीय तथ्याङ्क विभाग
५	तथ्याङ्क सहायक	इन्दिरा दाहाल	तथ्याङ्क कार्यालय, नुवाकोट	केन्द्रीय तथ्याङ्क विभाग
६	तथ्याङ्क अधिकृत	अनिरुद्र प्र. उपाध्याय	तथ्याङ्क कार्यालय,कपिलवस्तु	तथ्याङ्क कार्यालय, पाल्पा
७	तथ्याङ्क अधिकृत	अवधेष कु. शुक्ला	तथ्याङ्क कार्यालय, सुर्खेत	तथ्याङ्क कार्यालय, कपिलवस्तु
८	तथ्याङ्क अधिकृत	तुलसीराम पोखरेल	तथ्याङ्क कार्यालय, प्यूठान	तथ्याङ्क कार्यालय, दाङ्ग
९	तथ्याङ्क अधिकृत	लक्ष्मण कडेल	तथ्याङ्क कार्यालय, दाङ्ग	तथ्याङ्क कार्यालय, सुर्खेत
१०	तथ्याङ्क सहायक	शंकर ठाकुर	तथ्याङ्क कार्यालय, नुवाकोट	तथ्याङ्क कार्यालय, पर्सा
११	खरिदार	सावित्री पौडेल	तथ्याङ्क कार्यालय, गोरखा	तथ्याङ्क कार्यालय, कास्की
१२	खरिदार	गणेशमान श्रेष्ठ	तथ्याङ्क कार्यालय, भोजपुर	तथ्याङ्क कार्यालय, सुनसरी
१३	खरिदार	उपेन्द्र प्र. पौडेल	तथ्याङ्क कार्यालय, सुनसरी	तथ्याङ्क कार्यालय, भोजपुर
१४	खरिदार	गायत्री प्र. ढकाल	तथ्याङ्क कार्यालय, कास्की	तथ्याङ्क कार्यालय, सुनसरी
१५	खरिदार	सूर्य गिरी	तथ्याङ्क कार्यालय, कास्की	तथ्याङ्क कार्यालय, गोरखा

च) अनिवार्य अवकास

क्र.सं.	पद	कर्मचारीको नाम, थर
१	शाखा अधिकृत	शोभायल्मु लामा
२	तथ्याङ्क अधिकृत	सुनिल कुमार श्रेष्ठ
३	तथ्याङ्क अधिकृत	हरिनारायण मानन्धर

छ) राजिनामा अवकास

क्र.सं.	पद	कर्मचारीको नाम, थर
१	लेखा अधिकृत	प्रकाश कुमार सुवेदी

केन्द्रीय तथ्याङ्क विभागका विभिन्न महाशाखाहरुबाट आ.ब. २०७२/०७३ मा सम्पन्न गरिने प्रमुख कार्यक्रमहरु र प्रथम चौमासिक सम्मको अवस्था:

सि.नं.	महाशाखा	महाशाखा प्रमुखको नाम	कार्यक्रमहरु
१.	आर्थिक तथ्यांक	उ.म.नि. श्री सुमनराज अर्याल	● विज्ञापन एजेन्सीहरुको सर्वेक्षण, २०७२ संचालन तथा नतिजा सार्वजनिकीकरणसम्मका संपूर्ण कार्यहरु । ● औद्योगिक प्रतिष्ठानमा कार्यरत कामदार तथा कर्मचारीहरुको सामाजिक, आर्थिक तथा कार्य सन्तुष्टि सर्वेक्षण, २०७१ को नतिजा सार्वजनिकीकरण गर्ने । ● भूकम्पको कारण हुन नसकेका जिल्लामा कुखुरापालन सर्वेक्षणको फिल्डकार्य सम्पन्न भइ तालिकीकरणको काम भइरहेको । ● कुखुरापालन सर्वेक्षण २०७१ को प्रतिवेदन सार्वजनिकिकरण गर्ने । ● राष्ट्रिय लेखा तथ्यांक Rebasing को लागि विभिन्न सर्वेक्षणको तथ्यांक अध्ययन तथा विश्लेषण गरी आधार तयार गर्ने काम भईरहेको ।

सि.नं.	महाशाखा	महाशाखा प्रमुखको नाम	कार्यक्रमहरु
१.	आर्थिक तथ्याङ्क	उ.म.नि. श्री सुमनराज अर्याल	• Supply and Use Table को अधारभूत सूचकको लागि अध्ययन भईरहेको । • बार्षिक राष्ट्रिय लेखा तथ्यांक निर्माणको काम भईरहेको • सवारीसाधन मर्मत गर्ने प्रतिष्ठानको सर्वेक्षणका लागि प्रश्नावली तथा निर्देशिका निर्माण सम्पन्न भएको । • निर्माण क्षेत्रको लागत मूल्य सर्वेक्षणको लागि आवश्यक मूल्य तथ्यांक संकलन कार्य तथा अनुगमन, सुपरिवेक्षण र भेरिफिकेशन कार्य सम्पन्न भएको । • औद्योगिक तथा निर्माण क्षेत्रको तथ्याङ्क सङ्कलन कार्य भएको । • व्यावसायिक रजिष्टरको तथ्यांक संकलन तालिम तथा प्रश्नावली फारामहरुको छपाई सम्बन्धी काम भएको । • नेपालस्तरीय औद्योगिक वर्गीकरण कार्यहरू भइरहेको। • नेपाल ल्फोरिकल्चर सर्वेक्षण २०७२ अन्तर्गत सूचिकरण तयार गर्ने काम भइराखेको । • आ.व. २०७१।७२ मा भूकम्पको कारण छुट हुन गएको जिल्लाहरूमा नेपाल मत्स्य तथ्याङ्क संकलनको छुट लगत सूची संकलन गरिएको । • नेपाल मत्स्य तथ्यांक सर्वेक्षणको प्रश्नावली परीक्षण तथाSample design तयार गर्ने कार्य सम्पन्न गरिएको ।
२.	समाजिक तथ्याङ्क	उ.म.नि. डा. रुद्र सुवाल	• जलवायु परिवर्तन सम्बन्धी सर्वेक्षण संचालन गर्ने • System of Environmental-Economic Accounting (SEEA) सम्बन्धी कार्य गर्ने । • विभागको IT पुर्वाधार विकासको लागी अध्ययन गर्ने । • नेपाल वातावरण तथ्यांक संकलन तथा अद्यावधिक कार्य भइराखेको • वातावरण तथ्यांकसंग सम्बन्धित सरोकारवालासँग अन्तरक्रिया गरिरएको । • वातावरण तथ्यांकको प्रश्नावली परीक्षण गरिएको । • विभिन्न जिल्लाहरुमा सेटलमेन्टहरुको तथ्यांक संकलन तथा अनुगमन गरिएको । • सेटलमेन्ट नक्सांकनको तथ्यांक संकलन कार्य भइरहेको । • सेटलमेन्ट नक्सांकनको तथ्यांक संकलनको लागि २६ वटा जिल्लाहरुको गा.वि.स. अनुसारको के. एम.जेड. (KMZ google) फाइल तयार पार्ने कामको लागि सेवा करार लिइएको । • शहरी क्षेत्रको जनसांख्यिक सर्वेक्षणको प्रश्नावली तथा निर्देशिकको तयारी भएको । • शहरी क्षेत्रको जनसांख्यिक सर्वेक्षणको लागि छानिएका वडाहरुको कार्टोग्राफी कार्य एवं प्रश्नावली परीक्षण गरिएको । • जनगणना सम्बन्धी विभिन्न प्रतिवेदनहरु र गणना सामाग्री छपाई भएको ।
३.	योजना तथा जनशक्ती व्यवस्थापन	उ.म.नि. श्री नेबिन लाल श्रेष्ठ	• Survey Planningसम्बन्धि कार्यशाला संचालन गर्ने । • Sample Design सम्बन्धी प्रशिक्षणमूलक कार्यशाला सञ्चालन गर्ने । • पुस्तकालयका लागि पुस्तक खरिद कार्य सम्पन्न भएको । • चौमासिक तथ्यांक गतिविधिको प्रकाशन सामग्री तयार भइ छपाइमा गएको । • Nepal in Figures 2015, SAARC inFigures 2016, Statistical Year Book of Nepal 2015 र नेपालको तथ्याङ्कीय झलक २०७२ को तथ्याङ्क संकलन र व्यवस्थापन भएको । • तथ्याङ्क कार्यालयहरू, मेलिङ्ग लिस्टभित्रका संस्था तथा तिनका पुस्तकालयहरुमा प्रकाशन पठाइएको । • विभाग र मातहतका त.का.हरूमा कार्यरत निर्देशक तहका कर्मचारीहरूको लागि प्रशासनिक क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको । • तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति (NSDS) को Draft तयार गर्ने कार्य अन्तिम अवस्थामा पुगेको । • तथ्यांक संकलन तथा सर्वेक्षण सञ्चालन अनुमतिको Proposal Review को लागि CBS Standards for Statistical Surveys तयारी भइराखेको । • Master Sample Frame तयारीको लागि केही उपरमहारनगरपालिका हरूको नमूना PSU हरूको अध्ययन गरिएको ।

केन्द्रीय तथ्याङ्क विभागको आ.ब. २०७२/०७३ को प्रथम चौमासिक सम्मको कार्यप्रगति



महाशाखा अनुसार बार्षिक वजेटको तुलनामा प्रथम चौमासिक सम्मको खर्च
(रु. दश हजारमा)



महाशाखा अनुसार चौमासिक लक्ष्यको भौतिक प्रगति प्रतिशतमा

आ.व.२०७२।७३ को प्रथम चौमासिकमा भएका वैदेशिक मनोनयनहरू

क्र.सं.	कर्मचारीको नाम, थर	पद	देश	तालिमको शिर्षक	तालिम अवधि	आयोजक
१	श्री विकास विष्ट	म. नि.	अष्ट्रिया	Invitation to the Industrial Seminar on Individual Statistics	14-16 Oct. 2015	UNIDO
			श्रीलंका	7th Meeting of the Heads of SAARC Statistical Organizations	23-24 July, 2015	
			अमेरिका		16-20 Nov. 2015	US census Bureau
			जापान	12th Management Seminar for the Heads of National Statistical Offices in Asia and Pacific.	2-3 Dec. 2015	SIAP
२	श्री सुमनराज अर्याल	उ.म.नि.	थाइल्याड	Meeting to Identify Asia-Pacific Regional and Sub-regional Priorities.	21- 23 Sept. 2015	UNSD
३	डा. रुद्र सुवाल	उ.म.नि.	चीन	Workshop on the System of Environmental-Economic Accounting.	16-18 Nov. 2015	UNSD, NBS China
			चीन	International Seminar with the Theme "World Statistics: Sustainable Data for Sustainable Development"	20-22 Oct. 2015	UNSD/DESA
			अमेरिका		16-20 Nov. 2015	US census Bureau
४	श्री नेविनलाल श्रेष्ठ	उ.म.नि.	थाइल्याड	Advancing Accountability and Strengthening Statistics for Gender Equality and Women's Empowerment	7-9 Oct. 2015	ESCAP
५	श्री प्रमोदराज रेग्मी	निर्देशक	दक्षिण अफ्रिका	Training Program on Making Access to Finance Possible-Supply side study	9-10 Sept. 2015	UNCDF
६	डा. जिष्णुमोहन भट्टराई	निर्देशक	कोरिया	Regional Course on SNA 2008 (Special Topics: Improving Exhaustiveness of GDP Coverage)	31 Aug- 4 Sep. 2015	UNSIAP
७	श्री धर्मरत्न वज्राचार्य	निर्देशक	भारत	Training Program on Health and Demographic Statistics	5-9 Oct. 2015	SAARC
८	श्री सुरेश वस्न्यात	निर्देशक	थाइल्यान्ड	Advancing Accountability and Strengthening Statistics for Gender Equality and Women's Empowerment	7-9 Oct. 2015	ESCAP
९	श्री सुशिल कुमार शर्मा	निर्देशक	कोरिया	Capacity Development for Mainstreaming Energy For Sustainable Development, Targets and Indicators into Statistical Program.	17-19 Nov. 2015	UN-DESA

क्र.सं.	कर्मचारीको नाम, थर	पद	देश	तालिमको शिर्षक	तालिम अवधि	आयोजक
१०	श्री तीर्थराज चौंलागाई	निर्देशक	श्रीलङ्का	The PARIS21 Regional Workshop on Reviewing the Accelerated Data Program and Data Revolution Action Lab	12-16 Oct. 2015	OECD
११	श्री गणेश प्रसाद आचार्य	निर्देशक	इन्डोनेसिया	Regional training and Technical Evaluation Workshop on Updating the Supply and Use Table Framework and Purchasing Power Parties	30Nov-4 Dec 2015	ADB
१२	श्री देवेन्द्रलाल कारञ्जित	निर्देशक	कोरिया	International Migration Statistics in the Asia-Pacific Region	16-18 Nov. 2015	ILO, KOSTAT
१३	श्री शरदराज नेपाल	निर्देशक	कोरिया	International Migration Statistics in the Asia-Pacific Region	16-18 Nov. 2015	ILO, KOSTAT
१४	श्री इश्वरी प्रसाद भण्डारी	निर्देशक	इन्डोनेसिया	Regional training and Technical Evaluation Workshop on Updating the Supply and Use Table Framework and Purchasing Power Parties	23-27 Nov. 2015	ADB
१५	श्री शैलेन्द्र घिमिरे	निर्देशक	अमेरिका		16-20 Nov. 2015	US census Bureau
१६	श्रीमती श्रृजना बैद्य	निर्देशक	अमेरिका		16-20 Nov. 2015	US census Bureau
१७	श्री हरि नारायण मानन्धर	त.अ.	कोरिया	Regional Course on SNA 2008 (Special Topics: Improving Exhaustiveness of GDP Coverage)	31 Aug-4 Sep 2015	UNSIAP
१८	श्री नन्दलाल सापकोटा	त.अ.	इन्डोनेसिया	Regional training and Technical Evaluation Workshop on Updating the Supply and Use Table Framework and Purchasing Power Parties	23-27 Nov. 2015	ADB
१९	श्री तुलसीराम पोखरेल	त.अ.	जापान	7th International Workshop of Micro Data of Official Statistics	16-21 Dec. 2015	Sinfonica
२०	श्री कपिलदेव जोशी	त.अ.	जापान	7th International Workshop of Micro Data of Official Statistics	16-21 Dec. 2015	Sinfonica
२१	श्री चेत बहादुर रोका	त.अ.	इटाली	Academy on Labor Market Statistics and Analysis	2-13 Nov. 2015	ILO
२२	श्री किशोर के. सी.	त.अ.	जापान	Training in the Field of Improving Capability in Producing Official Statistics	11 Aug-19 Dec, 2015	JICA
२३	श्री दीनानाथ लम्साल	त.अ.	कोरिया	Training Program for Strengthening Statistical Capacity	23Nov.-4 Dec. 2015	Korea
२४	श्री णराज तिवारी	त.अ.	इटाली	Academy on Labor Market Statistics and Analysis	2-13 Nov. 2015	ILO
२५	श्री तुलसी प्रसाद पौडेल	त.अ.	कोरिया	Capacity Development for Mainstreaming Energy For Sustainable Development, Targets and Indicators into Statistical Program.	17-19 Nov. 2015	UN-DESA
२६	श्री निराजन शर्मा	त.अ.	भारत	Workshop of Use Models in Group Field Estimation.	2-6 Nov. 2015	

नेपाल सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रीय तथ्याङ्क विभाग

थापाथली, काठमाण्डौ, फोन नं. : ४२४५९४६, ४२४५९४७, ४२४५९४८,

फ्याक्स नं.: ९७७-१-४२२७७२०, URL :www.cbs.gov.np